# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) वीरेन्द्रनगर, सुर्खेत, फागुन ०९ गते, २०८० साल (संख्या १५


# भाग-२

## कर्णाली प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको

### सूचना

### वन पैदावारमा आधारित उद्योग र राष्ट्रिय वनबीचको दूरी सम्बन्धी मापदण्ड, २०८०

**प्रस्तावना**ः प्रदेश भित्र वन पैदावारमा आधारित उद्योगको स्थापना, विकास र प्रवर्द्धनका लागि वनपैदावारमा आधारित उद्योग र राष्ट्रिय वनबीचको दूरी सम्बन्धी मापदण्ड निर्धारण गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश वन ऐन २०७८ को दफा ७६ तथा कर्णाली प्रदेश वन नियमावली, २०८० को नियम ९० बमोजिम मन्त्रालयले यो मापदण्ड बनाएको छ।

१. **सक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "वन पैदावारमा आधारित उद्योग र राष्ट्रिय वनबीचको दुरी सम्बन्धी मापदण्ड, २०८०" रहेको छ।

(२) यो मापदण्ड मन्त्रालयबाट स्वीकृत भई प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "उद्योग र राष्ट्रिय वन बीचको दुरी" भन्नाले वनपैदावारमा आधारित उद्योग र सबै भन्दा नजिक पर्ने राष्ट्रिय वनको बाहिरी सिमानाबीचको सिधा हवाई दूरी सम्झनु पर्छ।

(ख) "प्रदेश" भन्नाले कर्णाली प्रदेश सम्झनु पर्दछ।

(ग) "पावर चेन सः" भन्नाले विद्युत वा अन्य ईन्धनको प्रयोग हुने स्वःचालित रुख काट्ने आरा वा सोही प्रकारका औजार तथा उपकरण सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ।

(ङ) "राष्ट्रिय वन" भन्नाले शहरी वन, सार्वजनिक जग्गामा रहेको वन, निजी स्वामित्वको जग्गा बाहेक प्रदेश भित्रको सबै वन सम्झनु पर्छ र सो शब्दले वनले घेरिएको वा वन क्षेत्रसँग जोडिएको प्रती वा ऐलानी जग्गा तथा वन भित्र रहेका बाटो, पोखरी, ताल वा खोलानाला र वगरलाई समेत जनाउँछ।

(च) "वन पैदावारमा" आधारित उद्योग भन्नाले सःमिल, उड सिजनीङ प्लान्ट, उड ट्रिटमेन्ट प्लान्ट वा फर्निचर, भेनियर, प्लाइउड, कत्था, रेजिन एण्ड टर्पेनटाइन, सालसीडतेल, जडिबुटी प्रशोधन (हर्वल प्रोडक्सन), पार्टिकल बोर्ड, कम्पोजिट उड, पार्केटिङ उड, हाते कागज, अल्लोको वस्तु उत्पादन गर्ने

आन्तरिक मामिला तथा कानून मन्त्रालय

लगायतका काठ, जडिबुटी वा अन्य वन पैदावरलाई प्रमुख कच्चा पदार्थको रुपमा प्रयोग गर्ने उद्योग सम्झनु पर्छ।

(छ) "सम्बन्धित निकाय" भन्नाले प्रचलिल कानून बमोजिम वन पैदावरमा आधारित उद्योग दर्ता गर्ने अधिकार प्राप्त निकाय सम्झनु पर्छ।

३. **वन पैदावरमा आधारित उद्योग र राष्ट्रिय वनबीचको दूरी**: वन पैदावरमा आधारित उद्योग स्थापना गर्दा उद्योग र राष्ट्रिय वनबीचको दूरी अनुसूचीमा उल्लेख भए बमोजिम हुनेछ।

४. **सिफारिस समिति सम्बन्धी व्यवस्थाः** (१) वन पैदावरमा आधारित उद्योग दर्ता गर्दा प्रत्येक जिल्लामा उद्योग र वनबीचको दुरी प्रमाणित गर्ने प्रयोजनको लागि देहाय बमोजिमको समिति रहनेछः-

(क) सम्बन्धित डिभिजनल वन अधिकृत वा निजले तोकेको अधिकृत प्रतिनिधि -संयोजक

(ख) सम्बन्धित नापी कार्यालयले तोकेको प्राविधिक प्रतिनिधी -सदस्य

(ग) सम्बन्धित उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयले तोकेको प्रतिनिधी -सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले उद्योग र राष्ट्रिय वन बीचको दूरी प्रमाणित गरी सम्बन्धित निकायमा सिफारिस गर्नु पर्नेछ।

(३) यस मापदण्ड बमोजिम वन पैदावरमा आधारित उद्योग दर्ता गर्दा अन्य आवश्यक कागजातका अतिरिक्त उपदफा (१) बमोजिमको समितिको सिफारिस प्रतिवेदन अनिवार्य हुनेछ।

५. **दूरी लागु नहुनेः** यस मापदण्डमा जुनसुकै कुरा लेखिएको भएतापनि देहाय बमोजिमका वन पैदावरमा आधारित उद्योगको हकमा यस मापदण्ड बमोजिमको दुरी लागु हुने छैनः-

(क) औद्योगिक क्षेत्र वा उद्योग ग्राम भित्र सञ्चालन हुने उद्योग,

(ख) सामुदायिक वन उपभोक्ता समूह आफैले वा समूहले निजी क्षेत्रसँगको साझेदारीमा प्रचलित कानून बमोजिम सञ्चालन हुने उद्योग,

(ग) नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्वमा रहने गरी सञ्चालन हुने उद्योग,

(घ) डिभिजन वन कार्यालयको स्वीकृति र सव-डिभिजन वन कार्यलयको प्रत्यक्ष निगरानीमा कबुलियती वन, सामुदायिक वन उपभोक्ता समूहले सञ्चालन गर्ने पोर्टेवल सःमिल।

६. **जडीबुटी प्रशोधन प्लान्ट सम्बन्धी व्यवस्थाः** वन जङ्गलमा कुनै हानी नोक्सानी नपुऱ्याई र काठ/ दाउराको प्रयोग नगरी सुगन्धित वनस्पतिबाट तेल निकाल्ने उद्योगहरुको हकमा न्यूनतम दूरीको प्रावधान नलाग्ने तर त्यस्ता उद्योग स्थापना गर्दा सम्बन्धित डिभिजन वन कार्यालयसंग सहमति लिनुपर्ने।

७. **इट्टाभट्टा सञ्चालन सम्बन्धी व्यवस्थाः** इट्टाभट्टा सञ्चालन गर्दा दाउरा प्रयोग नहुने भनी उद्योग दर्ताका लागि निवेदन पेश भएकोमा सम्बन्धित निकायले डिभिजन वन कार्यालयको सहमतिमा दर्ता गर्न सक्नेछ।

८. **पावर चेन सः दर्ता गर्नु पर्नेः** (१) कुनै व्यक्ति, फर्म, संस्था वा सामुदायिक वन समूहले पावर चेन सः प्रयोग गरी वन व्यवस्थापन गर्नु परेमा डिभिजन वन कार्यालयमा पावर चेन सः दर्ता गराउनु पर्नेछ।

(२) यो मापदण्ड कार्यान्वयन हुनु अघि प्रयोगमा आएका पावर चेन सः समेत यो मापदण्ड लागू भएको एक महिना भित्र उपदफा (१) बमोजिम दर्ता गराउनु पर्नेछ।

(३) दर्ता नगरी पावर चेन सः प्रयोग गरेमा डिभिजन वन कार्यालयले जफत गरी प्रचलित कानून बमोजिम कारवाही गर्न सक्नेछ।

९. **<u>जानकारी गराउनु पर्ने</u>:** वन पैदावरमा आधारित उद्योग सञ्चालन गर्दा सम्बन्धित उद्योगले उद्योगमा प्रयोग हुने कच्चा पदार्थको स्रोत सुनिश्चतता र स्रोत प्राप्तिको जानकारी सम्बन्धित डिभिजन वन कार्यालयवा मातहतको नजिकको सव-डिभिजन वन कार्यालयलाई अर्धवार्षिक रुपमा गराउनु पर्नेछ।

१०. **<u>अनुगमन तथा निरीक्षण</u>:** (१) यस मापदण्ड बमोजिम वन पैदावारमा आधारित उद्योग र राष्ट्रिय वन बीचको दूरीका सम्बन्धमा अनुगमन तथा निरीक्षण दफा ४ को उपदफा (१) बमोजिमको समितिले गर्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिले अर्धवार्षिक रुपमा अनुगमन तथा निरीक्षण गरी सो समेतको आधारमा वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(३) यस मापदण्ड बमोजिम दुरी सम्बन्धी मापदण्ड कार्यान्वयन भए नभएको सम्बन्धमा मन्त्रालय वा निर्देशनालयले आवश्यकता अनुसार अनुगमन तथा निरीक्षण गर्न सक्नेछ।

११. **<u>मापदण्डमा संशोधन वा हेरफेर</u>:** मन्त्रालयले यो मापदण्ड आवश्यकता अनुसार संशोधन वा हेरफेर गर्न सक्नेछ।

१२. **<u>बाधा अड्काउ फुकाउने</u>:** यस मापदण्डको कार्यान्वयनमा कुनै दुविधा उत्पन्न भएमा मन्त्रालयले यस मापदण्डको अधीनमा रही बाधा अड्काउ फुकाउन सक्नेछ।

१३. **<u>प्रचलित मापदण्ड बमोजिम हुने</u>:** (१) संरक्षित क्षेत्र अन्तर्गत पर्ने मध्यवर्ती क्षेत्रको हकमा मध्यवर्ती क्षेत्र नियमावली, २०५२ र मध्यवर्ती क्षेत्र (उद्योग स्थापना र सञ्चालन) को मापदण्ड, २०६२ र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम बनेको नियम, निर्देशिका र मापदण्ड बमोजिम हुनेछ।

(२) यो मापदण्ड लागु हुन अघि दर्ता भई प्रचलित कानून बमोजिम सञ्चालनमा रहेका वन पैदावारमा आधारित उद्योगहरु यसै मापदण्ड बमोजिम भए गरिएको मानिनेछ।

# अनुसूची
## (दफा ३ सँग सम्बन्धित)
## वन पैदावारमा आधारित उद्योग र राष्ट्रिय वन बीचको दूरी

| सि.नं | उद्योगको किसिम | भौगोलिक क्षेत्र (कि.मी.) | | पुष्ट्याई |
|---|---|---|---|---|
| | | मध्य पहाडी, उच्च एवंम् हिमाली क्षेत्र | चुरे, भित्रि मधेश | |
| १ | फर्निचर | | | |
| १.१ | १८ इन्च सम्म आरा रहेको कुटिर उद्योग | ०.१० | ०.१५ | वन पैदावारमा आधारित उद्योग प्रवर्द्धन गर्न |
| १.२ | १८ इन्च देखि ३५ इन्चसम्म आरा रहेको साना तथा मझौला उद्योग | ०.१५ | ०.२५ | " |
| १.३ | ३६ इन्च तथा सोभन्दा बढी साइजको आरा रहने सबै खाले उद्योग (सःमिल समेत) | ०.२५ | ०.८ | " |
| २ | उड सिजनिङ प्लान्ट, उड ट्रिटमेन्ट प्लान्ट, भेनियर तथा प्लाइउड, पार्केटिङ वार्ड, कम्पोजिट उड, पार्केटिङ उद्योग | ०.५ | ०.७५ | " |
| ३ | दाउरा तथा काठ र | ०.२५ | ०.५ | " |



आर्थिक मामिला तथा कानून मन्त्रालय

| | | | | |
|---|---|---|---|---|
| | यस्तै प्रकृतिका कच्चा पदार्थलाई पूर्ण वा आंशिक रुपले प्रयोग गर्ने उद्योग | | | |
| ४ | कत्था तथा रेजिन एण्ड टर्पेनटाइन उद्योग | ०.५ | १ | " |
| ५ | सालसिड तेल, जडीबुटी (हर्वल पोर्डक्ट), हाते कागज, अल्लोका वस्तु उत्पादन गर्ने उद्योग लगायत काठ जडिबुटी वा अन्य वन पैदावारलाई प्रमुख कच्चा पदार्थको रुपमा प्रयोग गर्ने उद्योग | ०.१५ | ०.५ | " |

निर्णय भएको मितिः २०८०/११/०३

**आज्ञाले,**
डा. विनोद प्रसाद देवकोटा
प्रदेश सरकारको सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित

आन्तरिक मामिला तथा कानून मन्त्रालय